



ISSN: 2990-7993(P)

Dhaulagiri Journal of Contemporary Issues
Vol 3, Issues 1
June, 2025

DOI: https://doi.org/10.3126/djci.v3i1.79694

**Published by**: Research Management Committee,
Dhawalagiri Multiple Campus, Baglung
**Home Page**: https://dmcjournal.edu.np/index.php/DWJCI
**Nepjol Home Page:** https://www.nepjol.info/index.php/djci

# नेपालको आर्थिक परिदृश्यको अध्ययन

हिरालाल रेग्मी
उपप्राध्यापक, अर्थशास्त्र विभाग, धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ
Email: hira.regmi@dmc.tu.edu.np /regmihl@gmail.com
ORCID iD: https://orcid.org/0009-0009-1774-0834

**लेखसार**

नेपालमा २००७ सालको परिवर्तनपश्चात् विभिन्न समयमा भएका राजनैतिक परिवर्तनसँगसँगै शासकीय स्वरूपमा आएको परिवर्तनले आर्थिक विकासका लागि तय गरिएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा प्रभाव पारेको देखिन्छ । २०४६ सालको परिवर्तनपश्चात् कार्यान्वयनमा ल्याइएको आर्थिक उदारीकरण नीतिले यातायात, सञ्चार, शिक्षा, बैंकिङ्ग तथा स्वास्थ्य क्षेत्रहरूमा विस्तार आएको पाइन्छ भने औद्योगिक उत्पादन र निर्यातमा भने वृद्धि आउन सकेको देखिँदैन । विक्रम संवत् २०१७ देखि २०८० सम्ममा नेपालले आर्थिक क्षेत्रमा गरेका उपलब्धि केकस्तो अवस्थामा छन् भन्ने समस्यामा केन्द्रित रहेर आर्थिक वृद्धि, वित्तीय, भौतिक पूर्वाधार, बाह्य तथा मानव विकाससँग सम्बन्धित सूचकहरूको उपयोग गरी ती उपलब्धिका बारेमा खोजमूलक अध्ययन गर्ने उद्देश्य यस लेखको रहेको छ । यस विषयमा महत, खनाल, बुढाथोकी एवम् पन्तलगायतले चर्चा गरेका भए तापनि ती कार्यहरूबाट यस लेखको शीर्षकसम्बद्ध विषय र समस्याका बारेमा विशिष्ट अध्ययन भएको देखिँदैन । यही रिक्ततालाई पूर्ति गर्न पुस्तकालयकार्यको उपयोग गरी द्वितीयक स्रोतका सामग्री सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीको अध्ययनका लागि वर्णनात्मक, तुलनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ । यस लेखमा आर्थिक उदारीकरण तथा नीजिकरणको सिद्धान्तलाई विश्लेषणको आधार बनाइएको छ । उदारीकरणअन्तर्गत पनि नेपालले आठौँ पञ्चवर्षीय योजना (२०४९-२०५४) मार्फत् अवलम्बन गरेको खुला उदारनीतिलाई धारणात्मक अवधारणा बनाइएको छ । उदारीकरणअन्तर्गत पनि नेपालले आठौँ पञ्चवर्षीय योजना (२०४९-२०५४) मार्फत् अवलम्बन गरेको खुला उदारनीति उपयुक्त रहेकोले यसकै आधारमा अवधारणा बनाई आवश्यक सूचक निर्धारण गरी अध्ययन कार्य गरिएको छ । अध्ययनबाट नेपालको आर्थिक वृद्धि दर ०४६ सालपछि वार्षिक ४ प्रतिशत रहेको, कुल ग्राहस्थ्य उत्पादन बढ्दै गएको, कुल ग्राहस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान क्रमशः घट्न गई २४.४२ प्रतिशतमा पुगेको, निरपेक्ष गरिबीको तह घट्दै गएको साथै यस अवधिमा विप्रेषण आय, व्यापार घाटा एवम् वैदेशिक ऋण उच्च रूपमा बढ्नुका साथै आर्थिक उदारीकरण नीतिको प्रभाव धेरैजसो क्षेत्रमा सकारात्मक देखिएको हुँदा नेपालको परिप्रेक्ष्यमा उपयुक्त रहेको निष्कर्ष प्राप्त भएको छ । यस अध्ययनले सम्बन्धित सरोकारवालालाई नीति नियममा समयानुकूल सुधार तथा परिमार्जन गर्न र अनुसन्धातालाई शीर्षकसम्बद्ध विषयमा थप अध्ययनका लागि मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ ।

*शब्दकुञ्जी :* आर्थिक उदारीकरण, निजीकरण, मानव विकास सूचक, विश्वव्यापीकरण, व्यापार सन्तुलन

**Article Information**
**Received**: 12 February, 2025 **Reviewed:** 14 February, 2025 - 25 March, 2025 Revised: 26 March, 2025- 4 May, 2025
**Accepted:** 8 May, 2025 **Published:** 2 June, 2025
*Corresponding Author:* Hira Lal Regmi

© by author: This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/

**परिचय**

विश्वव्यापी प्रचलित मापदण्डलाई आधार बनाएर तयार गरिएको यस लेखमा प्राप्त सूचक तथा तथ्यहरूका आधारमा नेपालको आर्थिक परिदृश्यको विश्लेषण गरिएको छ । आर्थिक विकासका विभिन्न सूचकका सम्बन्धमा प्रकाशित पुस्तक तथा लेखरचनालाई पूर्वसाहित्य अध्ययन तथा सैद्धान्तिक आधार बनाई प्राप्त तथ्य र स्रोतको विश्लेषणका लागि विभिन्न सूचकसँग सम्बन्धित सहायक तथ्याङ्कहरूको आधार लिइएको छ। राजनीतिक परिवर्तनसँगसँगै आर्थिक नीतिमा पनि परिवर्तन आउने हुँदा प्रमुख रूपमा राजनीतिक परिवर्तन भएका वर्षहरूलाई आधार मानेर तोकिएका सूचकहरूका आधारमा आर्थिक परिदृश्यको तुलनात्मक रूपमा विश्लेषण गरिएको छ । अध्ययनका लागि छनोट गरिएको अवधिमा नेपालको आर्थिक, राजनीतिक तथा शासकीय प्रणालीमा व्यापक परिवर्तनहरू भएका छन् । यसर्थ आर्थिक वर्ष ०१७/०१८, ०४६/०४७, ०७२/०७३ र गणतन्त्र स्थापनापश्चात्का आठ वर्ष (आर्थिक वर्ष ०७९/०८०) को अवधिलाई तुलनात्मक रूपमा अध्ययनका लागि आधार मानिएको छ । मूलतः आवधिक योजना, आर्थिक सर्वेक्षण, वार्षिक बजेट, प्रकाशित ग्रन्थ एवम् विभिन्न जर्नलमा प्रकाशित लेखरचनालगायतका सहायक स्रोतबाट सङ्कलन गरिएका तथ्याङ्कमा आधारित रही पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी विवरणात्मक र विश्लेषणात्मक विधिबाट यो लेख तयार गरिएको छ । आर्थिक विकासका सूचकका आधारमा नेपालको आर्थिक परिदृश्यका बारेमा अध्ययन अनुसन्धान गरिएको भए तापनि यस अध्ययनले उठान गरेको विषयमा पूर्व साहित्यमा कम चर्चा गरिएको पाइएकाले यसले उक्त अभावलाई पूरा गर्ने अपेक्षा गरिएको छ । पुस्तकालयकार्यबाट सङ्कलन गरिएका सामग्रीको उपयोग र गुणात्मक पद्धतिको प्रयोग गरी यो अध्ययन कार्य गरिएको छ ।

विश्वमा योजनाबद्ध आर्थिक विकासको प्रारम्भ सन् १९२८ देखि पूर्व सोभियत रूसले पञ्चवर्षीय योजना कार्यान्वयनमा ल्याएपछि भएको पाइन्छ (दाहाल तथा खनाल, २०७४) । नेपालमा २००७ सालको राजनैतिक परिवर्तनपश्चात आर्थिक विकासको गति अगाडि बढेको मानिन्छ । यस पश्चात्का विभिन्न कालखण्डमा राजनैतिक तथा शासकीय स्वरूपमा परिवर्तनहरू भइरहेकोले आर्थिक तथा सामाजिक क्षेत्रमा पनि निकै उतारचढावहरू भएका छन् । योजनाबद्ध आर्थिक विकासको सुरूवात भएको सात दशक हाराहारी पुगेको छ । हाल १६ औँ आवधिक योजना कार्यान्वयनका क्रममा रहेको छ । योजनाबद्ध विकासबाट देश विकासमा सहयोग पुग्ने खालका आर्थिक तथा सामाजिक पूर्वाधारको सिर्जनामा केही प्रगति हासिल भएको देखिए तापनि अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन (हिमकर, २०५४) । आवधिक योजनाहरूको कार्यान्वयन पक्ष प्रभावकारी हुन नसकेका कारण आर्थिक विकासका सवालमा आवधिक योजनाका उद्देश्य तथा लक्ष्यहरू पूर्ण रूपमा हासिल हुन सकेको देखिदैन ।

उच्च तथ दीगो आर्थिक वृद्धिविना गरिबी न्यूनीकरण गरी जनताको जीवनस्तरमा सुधार ल्याउन सकिदैन । तर पनि विभिन्न कारणवश नेपालमा आर्थिक वृद्धि दर उच्च हुन सकिरहेको छैन । बचत तथा लगानीको कमी, न्यूनस्तरको प्राविधिक विकास, मानवीय पूँजीमा न्यून लगानी, खोज अनुसन्धानमा कमी, पूँजीगत खर्चमा न्यूनता, साधनको न्यून उत्पादकत्व आदिजस्ता कारण नेपालको आर्थिक वृद्धि दर उच्च हुन सकेको पाइदैन । सन् २०२२ सम्म नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा र सन् २०३० सम्म मध्यम आयस्तरीय मुलुकमा रूपान्तरण गर्नका लागि आर्थिक वृद्धि दर वार्षिक ८ प्रतिशत हुनुपर्नेमा (घिमिरे, २०७३) धेरैजसो वर्षमा यो दर कायम हुन सकिरहेको छैन । सोह्रौं योजना (०८१/०८२-०८५/०८६) ले समेत २०८३ सालसम्ममा नेपाललाई अति कम विकसित राष्ट्रबाट विकासशील देशमा स्तरोन्नति गर्ने र २०८७ सालसम्ममा दीगो विकासका लक्ष्यहरू हासिल गर्दै मध्यम आयस्तर भएको मुलुकमा पुऱ्याउने लक्ष्य राखेको छ (रायोआ, २०८१) । उच्च आर्थिक वृद्धि दर हासिल हुनका लागि योजना र आर्थिक नीति निर्माण मात्र पर्याप्त हुँदैन । यसका लागि लगानी विस्तार, नयाँ प्रविधिको उपयोग, मानवीय स्रोतको उच्च उपयोगका लागि मानवीय पूँजीमा लगानी बढाउने, सुशासन, पारदर्शिता, जनसहभागिता, वित्तीय समावेशीकरण, उचित संस्थागत संरचनाको विकास जस्ता सुधारात्मक कदमहरू पनि चालिनु आवश्यक हुन्छ ।

पञ्चायती व्यवस्थाको अन्त्यपश्चात् थालिएको आर्थिक उदारीकरण र बजारमुखी अर्थतन्त्रले सरकारी भूमिकालाई नियमक र उत्प्रेरकका रूपमा सिमित पारी निजी क्षेत्रको भूमिकालाई बढावा दिएको पाइन्छ (श्रेष्ठ, २०७४) । यस अवधिमा यातायात, सञ्चार, बैकिङ्ग तथा स्वास्थ्य जस्ता क्षेत्रमा निजी क्षेत्रको भूमिका प्रभावकारी देखिए तापनि उत्पादनमूलक उद्योगतर्फ भने सशक्त हुन सकेको पाइदैन (बुढाथोकी, २०६९) । उदारवादी अर्थनीति, विश्व व्यापार सङ्गठनको सदस्यता प्राप्ति तथा भूमण्डलीकरणका कारण भारत तथा चीन लगायतका मुलुकबाट भइरहेको बढ्दो व्यापारले औद्योगिक विकास फस्टाउन सकेको छैन । आर्थिक उदारीकरणको नीति अवलम्बनपश्चात् निर्यात ३० गुणा र आयात ८० गुणाले वृद्धि भएबाट व्यापार घाटा पनि बढ्दै गएको देखिन्छ । पछिल्ला वर्षमा वैदेशिक रोजगारी र विप्रेषण आय बढ्दै गएका हुनाले अर्थतन्त्र चलायमान भने भएको छ । यसप्रकार पञ्चायती शासन व्यवस्थाको अवधिभर करिबकरिब केन्द्रीकृत जस्तै रहेको नेपाली अर्थतन्त्रको स्वरूपमा बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् खुला बजारमुखी आर्थिक उदारीकरण नीति अवलम्बनपश्चात् आर्थिक गतिविधिमा विस्तार आउँदै गएको पाइन्छ ।

उदारवादी आर्थिक नीतिअन्तर्गत बैकिङ्ग, सञ्चार, यातायात, पर्यटन, शिक्षा तथा स्वास्थ्य आदि क्षेत्रलाई खुला गरी उद्योग, आयात व्यापार र विदेशी मुद्राको लाइसेन्स प्रणाली खारेज गरिएको थियो । यो नयाँ आर्थिक नीतिका सम्बन्धमा व्यापक वहश पैरवीहरू चलिरहँदा

आर्थिक उदारीकरणलाई नेपालको आफ्नै अनुभव र समसामयिक विश्वको यथार्थलाई आधार मानी अवलम्बन गरिएको थियो । यो नीति तत्कालीन सरकारले अवलम्बन गरेको आर्थिक नीतिलाई परित्याग नगरी समय सुहाँउदो ढङ्गले पुनः परिभाषित गरिनुका साथै यो नीति साँगुरो किसिमले निजी क्षेत्रतर्फ मात्र निर्देशित भएको नभई समाजका विभिन्न वर्गहरू जस्तै गैर सरकारी संस्था, स्थानीय निकाय, जनस्तरका संगठनहरू समेतको प्रयास र सिर्जनात्मक शक्तिलाई परिचालन गर्न उपयुक्त वातावरणको निर्माण गर्ने उद्धेश्यस्वरूप अवलम्बन गरिएको धारणा महत (२०६३) को रहेको छ । यसप्रकार आर्थिक उदारीकरणलाई नेपाली अर्थ राजनीतिको प्रमुख नीतिका रूपमा अगाडि सारेपछि आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधारका क्षेत्रमा विस्तार हुँदै आएको देखिन्छ ।

## अध्ययनविधि र प्रक्रिया

यस अध्ययनका लागि छनोट गरिएको अवधिमा नेपालको राजनैतिक तथा शासकीय प्रणालीमा भएको परिवर्तन सँगसँगै आर्थिक अवस्थामा पनि परिवर्तनहरू भएका छन् । आर्थिक वर्ष ०१७/०१८, ०४६/०४७, ०७२/०७३ र गणतन्त्र स्थापनापश्चात्का आठ वर्ष (आर्थिक वर्ष ०७९/०८०) को अवधिलाई तुलनात्मक रूपमा अध्ययनका लागि आधार मानिएको छ । प्रस्तुत लेखका लागि आवश्यक पर्ने सामग्री सङ्कलन पुस्तकालय कार्यका माध्यमबाट गरिएको छ । अध्ययनको शीर्षक, सम्बद्ध सैद्धान्तिक र प्रायोगिक कार्यहरूलाई द्वितीयक स्रोतका सामग्रीका रूपमा प्रयोग गरिएको छ । पुस्तकालय अध्ययनबाट टिपोट गरी सङ्कलन गरिएका तथ्य तथा स्रोतहरूलाई यो अध्ययनमा प्रयोग गरिएको छ । मूलतः आवधिक योजना, आर्थिक सर्वेक्षण, प्रकाशित ग्रन्थ एवम् विभिन्न जोर्नलमा प्रकाशित लेखरचना लगायतका सहायक स्रोतबाट सङ्कलन गरिएका सूचना र तथ्यको विश्लेषण गुणात्मक पद्धतिका आधारमा गरिएको छ । समयको विभिन्न कालखण्डमा नेपालको आर्थिक परिदृश्यका बारेमा पूर्व प्रकाशित लेख तथा रचनाबाट प्राप्त अवधारणा एवं आर्थिक विकासका सूचकका बारेमा प्रकाशित विभिन्न अर्थशास्त्रीका धारणाहरू यो अध्ययनको सैद्धान्तिक आधार हो । यीनै मान्यता र विश्लेषण सामग्रीमा आधारित भएर अध्ययनको अवधारणा निर्धारण गरिएको छ ।

## सैद्धान्तिक आधार तथा पूर्व साहित्यको अध्ययन

अर्थतन्त्रका आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक, भौतिक पूर्वाधार एवं शैक्षिक जस्ता पक्षमा भएको सुधार तथा प्रगतिले कुनै पनि मुलुकको समग्र आर्थिक परिदृश्यको झलक दिएको हुन्छ । आर्थिक विकास मापन गर्ने एवं अर्थतन्त्रका विविध क्षेत्रमा भएको स्तरोन्नति र वास्तविक अवस्था मापनका लागि विभिन्न सूचकहरूको प्रयोग हुने गरेको पाइन्छ । यस किसिमका सूचकहरू समयसन्दर्भ, देश, काल र समाजअनुसार फरकफरक हुने गर्दछन् । यी सूचकहरूमा देखिएको सकारात्मक परिवर्तन र वृद्धिले नै विकासको मापन गर्ने कार्यमा सहजिकरण गर्ने गर्दछन् । यी परिसूचकहरूले देशको आर्थिक स्थितिको विश्लेषण भई वास्तविक सूचनाका आधारमा उपयुक्त नीति निर्माणमा सहयोग पुऱ्याउँदछ । आर्थिक तथा सामाजिक विकासका लागि स्थिर राजनैतिक वातावरणले समेत ठूलो भुमिका निर्वाह गरेको हुन्छ । राजनैतिक स्थायित्वले आर्थिक नीतिको कार्यान्वयनमा प्रभावकारिता र स्थायित्व आउने साथै राज्यको प्रशासनिक दक्षता पनि सुदृढ हुँदै जान्छ । विगतमा चलेका राजनैतिक द्वन्द्व, विकासका लागि गरिएका प्रयाशहरूको न्यून उपलब्धि, आर्थिक पक्षहरूको कमजोर व्यवस्थापन, राजनैतिक अन्योलता एवं विकासका लागि स्पष्ट दृष्टिकोणको अभाव आदिका कारण नेपालमा विकासको गति विलम्बित हुन पुगेको चर्चा पनि व्यापक रहेको छ (शिवाकोटी, २०७४) । नेपालको आर्थिक विकासको मार्गमा राजनैतिक अस्थिरता नै प्रमुख अवरोधका रूपमा रहेको (प्याकुरेल, २०१३ सन्) र पटककपटक राजनैतिक परिवर्तनहरू भइरहे तापनि ग्रामीण क्षेत्रको गरिबीमा उल्लेख्य कमी आउन सकेको देखिदैन । तथ्याङ्कीय आधारमा निरपेक्ष गरिबीको रेखामुनिको जनसङ्ख्याको आकार घटेको देखिए तापनि आधारभुत आवश्यकताको तहबाट अझै पनि धेरै परिवारहरू वञ्चित रहेको पाइन्छ ।

२००७ सालको क्रान्तिपश्चात् पनि सो पछिका वर्षहरूमा बढ्दै गएको राजनैतिक अस्थिरताका कारण (महत, २०६३) लामो समयसम्म विकासले गति लिन सकेन । यसै बिच २०१७ सालमा तत्कालीन राजा महेन्द्रले बहुदलीय शासन व्यवस्थाको अपदस्थ गरेको दुई वर्षपश्चात् तत्कालीन नेपालको संविधान २०१९ जारी गरी पञ्चायती शासन व्यवस्थाको सुत्रपात गरेका थिए । वि.सं. २०४६ मा भएको जनआन्दोलनबाट राजाको सक्रिय नेतृत्व र निर्देशनमा ३० वर्षसम्म शासन गर्दै आएको निर्दलीय पञ्चायती शासन व्यवस्था किनारा लागेपछि बहुदलीय प्रजातान्त्रिक परिपाटीको पुनःस्थापना हुन गएको थियो ।

सरकारले अवलम्बन गरेको आर्थिक नीतिले पनि आर्थिक गतिविधिमा सङ्कुचन र विस्तार ल्याउने गर्दछ । नेपालको सन्दर्भमा आर्थिक तथा सामाजिक उपलब्धिको वितरण प्रणालीका बारेमा चर्चा नगर्ने हो भने सरकारले खुला उदारवादी र बजारमुखी अर्थनीति अवलम्बन गरेपछि आर्थिक गतिविधिमा केही वर्ष विस्तार आएको देख्न सकिन्छ (खनाल तथा अरू, २०६२) । आर्थिक उदारीकरण नीति अवलम्बन गरेपछि केही वर्ष उल्लेख्य रूपमा आर्थिक वृद्धि हासिल भए तापनि पछि गएर नीतिगत अस्पष्टता र पूँजीगत खर्च गर्ने क्षमता कमजोर भएका कारण आर्थिक वृद्धि दर बढ्न सकेको पाइदैन (कार्की, २०७८) । नेपालमा आठौं पञ्चवर्षीय योजनासँगै आर्थिक उदारीकरणको प्रक्रिया सुरू भएको मानिन्छ । वि. स. २०४८ मा सम्पन्न भएको आम निर्वाचनबाट गठित सरकारले विश्वमा आएको उदारवादी अर्थव्यवस्थाको लहरअनुरूप आठौं योजना निर्माण गरी आर्थिक उदारीकरण तथा निजीकरण प्रक्रियालाई आफ्नो आर्थिक नीतिको मुल एजेण्डाका रूपमा अंगिकार गरेपश्चात नै राज्यकेन्द्रित

तथा निर्देशित अर्थतन्त्रको अन्त भई नेपालमा आर्थिक तथा सामाजिक विकास विस्तारित हुन पुगेको मानिन्छ। आर्थिक उदारीकरणका सन्दर्भमा नेपालको आठौं पञ्च वर्षीय योजनामा उल्लेख भएअनुसार-"वर्तमान विश्व आर्थिक परिप्रेक्ष्यमा राज्य निर्देशित परम्परागत समाजवाद उपयुक्त छैन भन्ने कुरा समाजवादी देशहरूको अर्थव्यवस्थामा आएको परिवर्तनबाट स्पष्ट भइसकेको छ। तसर्थ विगत ३० वर्षदेखि अपनाउँदै आएको राज्य नियन्त्रित एवम निर्देशित आर्थिक व्वस्थालाई समाप्त गरी बजारोन्मुख उदार अर्थव्यवस्थाको माध्यमबाट विकास गर्दै लैजाने नीति अवलम्बन गरिने छ" (रायोआ, २०४९)। उदारीकरण नीति अवलम्बन गरिएपछि सरकारी तथा निजी दुबै क्षेत्र आर्थिक क्रियाकलापमा सक्रीय रहेका छन्।

उच्च आर्थिक वृद्धि दर, बढ्दो प्रतिव्यक्ति आम्दानी, उत्पादन प्रविधिमा व्यापक सुधार, गरिबीको सङ्ख्या घट्दै जानु, जनसङ्ख्या वृद्धि दर घट्नु, जीवन प्रत्याशा बढ्दै जानु, मातृ मृत्युदर र बाल मृत्युदर घट्ने, साक्षरता दर बढ्ने, सामाजिक सेवाको क्षेत्रमा सङ्ख्यात्मक तथा गुणात्मक सुधार एवं भौतिक वातावरण विकासमा क्रमशः सुधार आउने जस्ता अवस्थालाई आर्थिक विकासका सूचकका रूपमा लिने गरिएको पाइन्छ (शर्मा, २०६६)। अर्थशास्त्री झिङ्गन (१९७५ सन्) ले कुल राष्ट्रिय उत्पादन, प्रतिव्यक्ति आय, आर्थिक कल्याण (आय असमानता र गरिबीमा कमी), सामाजिक तथा मूलभुत आवश्यकता सूचक, बजारको अपूर्णतामा कमी, संरचनात्मक परिवर्तन पूँजी निर्माण, सक्षम प्रशासन, सामाजिक तथा सांस्कृतिक रूपान्तरण आदिलाई अर्थतन्त्रमा आर्थिक विकासको अवस्था आँकलन गर्ने सूचकका रूपमा उल्लेख गरेका छन्।

प्रायः आर्थिक र सामाजिक सूचकका आधारमा नै आर्थिक विकासको गतिलाई विश्लेषण गर्ने गरिएको पाइन्छ। आर्थिक सूचकअन्तर्गत राष्ट्रिय आयमा वृद्धि, प्रतिव्यक्ति आम्दानीमा वृद्धि, राष्ट्रिय उत्पादन, औद्योगिक अवस्था, वित्तीय संघसंस्थाको अवस्था, प्राकृतिक साधन र स्रोतको अवस्था, आयात तथा निर्यातको अवस्था, यातायात, सञ्चार तथा विद्युतीकरणजस्ता भौतिक पूर्वाधारको अवस्थालाई आधार मानिएको पाइन्छ भने सामाजिक सूचकअन्तर्गत आर्थिक समानता, गरिबी न्यूनिकरण, रोजगारी, शिक्षा, स्वास्थ्य, जीवनको भौतिक गुण सूचक (जीवन प्रत्याशा, शिशु मृत्यु दर र साक्षरता दरको मिश्रित स्वरूप) एवं मानव विकास सूचकाङ्क (उच्च जीवन यापनका लागि पर्याप्त आम्दानी, शैक्षिक पहुँच र जीवन प्रत्याशाको मिश्रित स्वरूप) जस्ता पक्षलाई आधारका रूपमा लिइएको पाइन्छ (शर्मा, २०६६)। टोडारो (१९९३ सन्) ले आर्थिक कल्याणलाई भन्दा अर्थतन्त्रको संरचनात्मक परिवर्तनलाई महत्त्व दिँदै जीवन प्रत्याशा, जनसङ्ख्याको आकार, प्रतिदिन प्रोटिनयुक्त खाद्य उपभोग, विद्यालय भर्ना दर, व्यावसायिक शिक्षाको भर्ना दर, प्रतिव्यक्ति आवास कोठा, पत्रपत्रिकामा पहुँच, प्रतिव्यक्ति कृषि उत्पादन प्रतिशत, विद्युत उपभोग, स्टिलको उपभोग, उर्जा खपत, कुल ग्राहस्थ्य उत्पादनमा निर्माण उद्योगको अंश, वैदेशिक व्यापार, सक्रिय जनसङ्ख्याको ज्याला तथा तलबमानको स्तर तथा प्रतिव्यक्ति विद्युत, ग्यास र पानीमा सक्रिय जनसङ्ख्याको हिस्सा गरी नौ ओटा सामाजिक र सात ओटा आर्थिक सूचकहरूका आधारमा विकासको मापन गर्न सकिने धारणा व्यक्त गरेका छन्। यसप्रकार शर्मा, झिङ्गन र टोडारोका धारणाअनुसार पनि आर्थिक तथा सामाजिक सूचकहरू नै विकास मापनका आधार रहेको प्रष्ट हुन्छ।

एडलम्यान तथा मोरिसलाई उद्धृत गर्दै टोडारो (१९९३ सन्) ले विभिन्न आर्थिक तथा राजनैतिक सूचकका आधारमा आर्थिक परिदृश्यको विश्लेषण गर्न सकिने धारणा राखेका छन्। यी सूचकहरूमा परम्परागत कृषिको आकार, शहरीकरणको विस्तार, आधारभूत सामाजिक संघसंस्थाको विस्तार, सामाजिक गतिशीलतामा विस्तार, साक्षरता विस्तार, आम सञ्चारको विस्तार, सामाजिक तनावको तह, कोरा जन्म दर, राष्ट्रिय एकताको भावना, राजनैतिक शक्तिको केन्द्रीकरण, वैदेशिक व्यापारको बनोट, मानव संशाधनमा सुधार, वित्तीय संस्थाको प्रभावकारिता, कर प्रणालीमा सुधार, कुल लगानी दर, भौतिक पूर्वाधारको अवस्था, प्राकृतिक साधनको प्राप्यता, राजनैतिक स्थायित्व, प्रतिव्यक्ति आम्दानी, श्रम गतिशीलता, प्रशासनिक दक्षता लगायत ४१ ओटा सूचकहरू पर्दछन्। कुनै पनि देशको सम्पन्न्ता मापन गर्ने र स्वास्थ्य जाँच गर्ने आधारका रूपमा आर्थिक वृद्धि रहेको र वास्तविक क्षेत्रतर्फ कुल उपभोग, कुल राष्ट्रिय बचत, कुल राष्ट्रिय उत्पादन, कुल ग्राहस्थ्य बचत, कुल पूँजी लगानी, सरकारी क्षेत्रतर्फ राजश्व, कुल सरकारी खर्च, सरकारी ऋणको मात्रा, वैदेशिक अनुदान, बजेट घाटा, वैदेशिक ऋण, मौद्रिक क्षेत्रतर्फ आन्तरिक कर्जा र मुद्रा प्रदाय एवं बाह्य क्षेत्रतर्फ कुल व्यापार (आयात तथा निर्यात) व्यापार घाटा, विप्रेषण आय, चालु खाता सन्तुलनसँग कुल ग्राहस्थ्य उत्पादनको प्रतिशत आदिलाई आर्थिक विकास मापन गर्ने प्रमुख परिसूचकका रूपमा लिन सकिन्छ (पन्त, २०७२)। राष्ट्रिय आय वृद्धि दर, वचत तथा लगानीको दर, मुद्रास्फिती दर, मुद्रा प्रदायको वृद्धि दर, ब्याज दर, व्यापार घाटाको स्तर, चालु खाता घाटाको अवस्था, भुक्तान सन्तुलन स्थिति लगायतका सूचकहरूले कुनै पनि अर्थतन्त्रको वास्तविक अवस्था थाहा पाउन र आर्थिक स्थितिको विश्लेषणका लागि सूचना प्राप्त हुने कुरा प्रधान (२०५९) ले उल्लेख गरेका छन्। यसप्रकार वास्तविक क्षेत्र, मौद्रिक क्षेत्र, सरकारी क्षेत्र र बाह्य क्षेत्रसँग सम्बन्धित सूचकहरू आर्थिक विकासका मापदण्डका रूपमा प्रचलित रहेको पाइन्छ।

प्रस्तुत साहित्यमा आर्थिक विकासका सूचक एवं नेपालको आर्थिक तथा सामाजिक अवस्थाका बारेमा चर्चा गरिएको भए तापनि नेपालको विभिन्न कालखण्डमा भएको राजनैतिक परिवर्तनहरूको समयसन्दर्भलाई आधार मानी ३० बर्षे पञ्चायती शासन व्यवस्थाको सुरूवाती (आर्थिक वर्ष ०१७/०१८) र अन्तिम वर्ष (आ.व. ०४६/०४७), गणतन्त्र स्थापनाको सुरूवाती वर्ष (आर्थिक वर्ष ०७२/०७३) र गणतन्त्र अभ्यासका आठ वर्षपछिको अर्थिक वर्ष ०७९/०८० मा नेपालको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वित्तीय, बाह्य तथा मानव विकास आदि क्षेत्रमा भए गरेका उपलब्धिको तुलनात्मक अध्ययन भएको नपाइएकोले यस अध्ययनले उक्त अभावलाई पूरा गर्ने अपेक्षा गरिएको छ। यस

लेखमा पस्तुत साहित्य अध्ययनलाई आधार बनाई चारओटा आर्थिक वर्षलाई तुलनात्मक अध्ययनको आधार बनाई नेपालको आर्थिक तथा सामाजिक विकासको परिदृश्य पहिल्याउन खोजिएको छ ।

## नतिजा र विमर्श

आर्थिक तथा सामाजिक क्षेत्रमा भए गरेका सकारात्मक परिवर्तनलाई मापन गर्ने सूचकहरू यकिनका साथ किटान गर्न सकिदैंन तर पनि विश्वमा बहुप्रचलित सूचकहरू जस्तै ग्राहस्थ्य उत्पादन तथा राष्ट्रिय आम्दानीको बृद्धि दर, प्रतिव्यक्ति आम्दानी, आर्थिक तथा सामाजिक कल्याण, आधारभूत आवश्यकता सूचक, जीवनको भौतिक गुणमा सुधार, मानव विकास आदिका माध्यमबाट आर्थिक  क्षेत्रका उपलब्धिहरूलाई मापन गर्ने गरिएको पाइन्छ (टोडारो, १९९३ सन् तथा झिङ्गन, १९९७५ सन्) । यस खण्डमा आर्थिक तथा सामाजिक विकाससँग सम्बन्धित विभिन्न सूचकका आधारमा विगतका वर्षहरूमा हासिल भएको उपलब्धिको समीक्षा गरिएको छ । राजनैतिक प्रणाली एवं शासकीय संरचनामा आएको परिवर्तनसँगै आर्थिक नीतिमा आउने परिवर्तनले आर्थिक विकासको गतिलाई प्रभाव पारेको पाइन्छ । प्रस्तुत लेखमा पनि मुख्यतः आर्थिक तथा वित्तीय क्षेत्र, सामाजिक क्षेत्र, बाह्य क्षेत्र, भौतिक पूर्वाधार र मानव विकास सूचकका क्षेत्रसँग सम्बन्धित सूचकहरूलाई नै उपलब्धिको विश्लेषणका लागि आधार मानिएको छ । यी उपलब्धिहरूलाई विश्लेषण गर्न सजिलो होस् भन्नका लागि पञ्चायती व्यवस्थाको शुरूवातीकाल र अन्त्यकाल, प्रजातन्त्रको पुनःस्थापनापश्चात् बहुदलीय शासन व्यवस्थाको पछिल्लो आर्थिक वर्ष ०७२/०७३ र गणतन्त्रात्मक शासन व्यवस्थाको पछिल्लो आठ वर्ष (आर्थिक वर्ष ०७९/०८०) सम्मका आर्थिक सूचकहरूसँग सम्बन्धित यथासम्भव प्राप्य तथ्याङ्क तथा अवस्थालाई आधार मानिएको छ ।

### आर्थिक वृद्धिसँग सम्बन्धित परिसूचकहरूको अवस्था

विश्वमै उदीयमान अर्थतन्त्रका रूपमा स्थापित हुँदै गएका ठूला अर्थतन्त्र भएका र फराकिलो आर्थिक वृद्धिदर हासिल गरिरहेका छिमेकी राष्ट्र चीन र भारतका बिचमा अवस्थित नेपाली अर्थतन्त्रमा आर्थिक वृद्धि दर मन्द रहेको छ । आर्थिक वृद्धिको फराकिलो दरले सम्पन्नताको सङ्केत गर्दछ । आर्थिक वृद्धिलाई अर्थतन्त्रमा सञ्चालित आर्थिक गतिविधिहरूले प्रभाव पारेका हुन्छन् । कृषि, उद्योग, व्यापार, लगानी, रोजगारी, वित्तीय, मुद्रास्फिति दर, लगानी तथा बचतको दर आदि क्षेत्रको वास्तविक तथ्यले अर्थतन्त्रको विकासको अवस्थालाई सङ्केत गर्दछन् । आर्थिक विकासका क्रममा यी क्षेत्रहरूमा पनि गुणात्मक र परिमाणात्मक दुबै किसिमले परिवर्तन र विस्तार आउनुपर्दछ । तालिका १ मा नेपालको आर्थिक वृद्धिसँग सम्बन्धित यिनै सूचकहरूको अवस्थालाई प्रस्तुत गरिएको छ ।

**तालिका १**

*आर्थिक वृद्धिसँग सम्बन्धित परिसूचकहरूको अवस्था*

| आर्थिक वृद्धिका सूचकहरू | आर्थिक वर्ष ०१७/०१८ | आर्थिक वर्ष ०४६/०४७ | आर्थिक वर्ष ०७२/०७३ | आर्थिक वर्ष ०७९/०८० |
|---|---|---|---|---|
| उत्पादक मुल्यमा कुल ग्राहस्थ्य उत्पादन (रू. अर्व) | | १०३.४१ | २६०८.१८ | ५३४८.५३ |
| कुल ग्राहस्थ्य उत्पादन वार्षिक वृद्धि दर % | - | ३.९ | ०.७७ | २.३१ |
| औसत आर्थिक वृद्धि दर | - | ३.२ (०२२-०४७) | ३.९३ (०४८-०७३) | ५.० (०७३-०८०) |
| प्रतिव्यक्ति आम्दानी वार्षिक यु.एस.डलर | १२९ (०३१/०३२) | १७० (०४३) | ८९९ | १४०५ |
| खाद्यान्न उत्पादन मे.टन (हजारमा) | ३१५२ | ५६९८ | ८६९२.०० | ११९८६.८१ |
| सिंचाई हेक्टर | ११४२८ | ५५०४६७ | १३७४८६९ | १५५५८०८ |
| कृषिमा आश्रित जनसङ्ख्या | ९१ | ८१ | ६० (२०६८) | ६२ (२०७८) |
| कुल ग्राहस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | ३४.८ | ४५.४ | ३१.७ | २४.४२ |
| कृषि उत्पादन वृद्धि दर वार्षिक % | - | ३.१ | १.३ | ३.३ |
| उद्योगको संख्या (मझौला, ठुला र ३ करोड भन्दा बढी स्थिर पूँजी भएका) | - | ४९०३ (०३८/३९) | ६३२८ | ८९४७ |
| कुल ग्राहस्थ्य उत्पादनमा उद्योगको योगदान | - | ६.४ (०४८/०४९) | ५.५ | ५.१६ |
| मुद्रास्फिति दर | | | ९.९ | ६.३ |

स्रोत : अम (२०४८), अम (२०७४), अम (२०८१), रायोआ (२०४९), रायोआ (२०८१) ।

तालिका १ मा अध्ययनका लागि छनोट गरिएका आर्थिक वर्षमा नेपालको आर्थिक तथा वित्तीय क्षेत्रको अवस्थालाई देखाइएको छ । यी सूचकहरूको अध्ययन गर्दा आर्थिक वर्ष ०४६/०४७ मा ३.९ रहेको आर्थिक वृद्धि दर आर्थिक वर्ष ०७९/०८० मा आइपुग्दा घटेर २.१ पुगेको छ । यस बिचमा कुल ग्राहस्थ्य उत्पादन बृदै गएको र विभिन्न कालखण्डमा औसत आर्थिक वृद्धि दर २०२२ देखि २०४७ सालको अवधि भन्दा

त्यस पछिका अवधिमा बढ्दै गएको देखिन्छ। ग्राहस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गएको र गैर कृषि क्षेत्रको योगदान बढ्दै गएको देखिन्छ। अर्थतन्त्रमा भएको संरचनात्मक सुधार तथा अन्य क्षेत्रको विकास र विस्तारले गर्दा कुल ग्राहस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान घट्दै गएको हो। आर्थिक वर्ष ०४५/०४६ मा कुल ग्राहस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ४५.४% रहेकोमा तत्पश्चात्का वर्षहरूमा यो दर घट्दै गएको र ०७९/०८० मा आइपुग्दा २४.४२% रहेको देखिनुले नेपालमा कृषि बाहेकका अन्य क्षेत्र जस्तै, व्यापार, सेवाक्षेत्र, विप्रेषण आदिले कुल ग्राहस्थ्य उत्पादनमा आफ्नो योगदान बढाउँदै लगेका छन् भन्ने बुझ्न सकिन्छ। जुन अर्थतन्त्रको सकारात्मक पक्ष पनि हो। यी परिसूचकहरूलाई विश्लेषण गर्दा पञ्चायती शासन व्यवस्थाको अवधिभर भन्दा बहुदलीय शासन व्यवस्थाको पछिल्ला वर्षहरूमा आएर केही क्षेत्रमा बाहेक धेरैजसो क्षेत्रको उपलब्धि सन्तोषजनक देखिन्छ।

कुल ग्राहस्थ्य उत्पादनमा विगतका वर्षहरूको तुलनामा कृषि क्षेत्रको योगदान क्रमशः घट्दै गएको र सेवा क्षेत्र एवं विप्रेषण लगायतका क्षेत्रको योगदान बढ्दै गएको देखिन्छ। आर्थिक वर्ष ०४६/०४७ मा कुल ग्राहस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ४५.४ प्रतिशत रहेकोमा ०७९/०८० मा २४.४२ प्रतिशत रहेको देखिन्छ। यसले अर्थतन्त्रमा संरचनात्मक परिवर्तन हुँदै गएको प्रष्ट हुन्छ। प्रतिव्यक्ति आम्दानी ०३१/०३२ मा १२९ अमेरिकी डलर रहेकोमा पाँचदशक पछाडि आ.व. ०७९/०८० मा आइपुग्दा १४०५ अमेरिकी डलर मात्र पुगेको छ। खाद्यान्न उत्पादन क्रमशः बढिरहेको देखिन्छ। सिंचाई सुविधामा समेत उल्लेख्य सुधार आएको देखिन्छ। कृषिमा आश्रित जनसङ्ख्या ०१७/०१८ को ९१ प्रतिशतबाट घटेर ०७९/०८० मा ६२% मा झरेको छ। मझौला तथा ठूला उद्योगको सङ्ख्यात्मक अवस्थामा वृद्धि भएको देखिए तापनि कुल ग्राहस्थ्य उत्पादनमा ०४८/०४९ को ६.४% को योगदान घटेर ०७९/०८० मा ५.१६% पुग्नुलाई सकारात्मक पक्ष मान्न सकिदैन। यो अवधिमा अर्थव्यवस्थामा देखिएका विभिन्न राजनैतिक घटना, भारतले लगाएको नाकाबन्दी, महाभूकम्प, कोभिडका कारण भएको बन्दाबन्दी लगायतका अवरोधका कारण औद्योगिक उत्पादनमा उल्लेख्य वृद्धि आउन नसकेको हो।

**वित्तीय क्षेत्रसँग सम्बन्धित परिसूचकहरूको अवस्था**

वित्तीय क्षेत्रको विकास र विस्तारले आर्थिक विकासलाई ठूलो टेवा पुऱ्याएको हुन्छ। बचत परिचालन गरी पूँजी निर्माणका माध्यमबाट अर्थतन्त्रमा लगानीको स्तरलाई वृद्धि गरी व्यावसायिक, व्यापारिक र औद्योगिक गति बढाउनमा वित्तीय क्षेत्रको गहन भूमिका रहेको हुन्छ। नेपालको आर्थिक विकासको विभिन्न कालखण्डमा अर्थतन्त्रका यी संरचनामा केही न केही परिवर्तनहरू हुँदै गएको देखिन्छ। तालिका २ मा नेपालको वित्तीय क्षेत्रसँग सम्बन्धित परिसूचकहरूको तुलनात्मक अवस्थालाई प्रस्तुत गरिएको छ।

**तालिका २**

*वित्तीय परिसूचकहरूको अवस्था*

| वित्तीय सूचकहरू | आर्थिक वर्ष ०१७/०१८ | आर्थिक वर्ष ०४६/०४७ | आर्थिक वर्ष ०७२/०७३ | आर्थिक वर्ष ०७९/०८० |
|---|---|---|---|---|
| वाणीज्य बैङ्कको सङ्ख्या | १ | ५ | २९ | २० |
| विकास बैंकको सङ्ख्या | १ | २ | ७२ | १७ |
| वित्त कम्पनीको सङ्ख्या | - | नगण्य | ४६ | १७ |
| बिमा कम्पनी | - | १ | २६ | ३७ |
| बचत तथा सहकारी संस्था (सहकारी विभागमा दर्ता) | ३७८ | ७२४ | ३३५५९ | ३१३७३ |
| कुल सरकारी खर्च (रू. अर्व) | | १९.६७ | ६००.१९ | १४२१.३३ |
| कुल सरकारी खर्च/कुल ग्राहस्थ्य उत्पादन अनुपात | - | २३.१ (०४२/०४३) | २३.० | २६.६ |
| वार्षिक बजेटको कुल खर्च प्रतिशत | - | - | ७३.३ | ८०.० |
| पूजीगत खर्च प्रतिशत | - | - | ५९.० | ६१.४ |
| वैदेशिक सहयोग (रू. करोड) | | | १९५५९.८७ | २१८०४.६० |
| अनुदान सहयोग (रू. करोड) | | | ७९२०.३७ | ४२३०.६० |
| ऋण सहयोग (रू. करोड) | | | ११६३९.५० | १७५७४.०० |

स्रोत : अम (२०४८), अम (२०७४), अम (२०८१), रायोआ (२०४९), रायोआ (२०८१)।

तालिका २ मा प्रस्तुत गरिएअनुसार मुलुकको समग्र वित्तीय क्षेत्रले ०४६/०४७ पश्चात्का समयमा ठूलो फड्को मारेको देखिन्छ। ०४६/०४७ साल सम्म सीमित सङ्ख्यामा रहेका वाणिज्य बैङ्क, विकास बैङ्क तथा वित्त कम्पनीहरूको अवस्थामा सो समयपश्चात् परिमाणात्मक रूपमा उल्लेखनीय विस्तार भएको छ। ०४६ सालसम्म वाणिज्य बैङ्कहरू ५, विकास बैङ्कहरू २, बिमा कम्पनी १ र नगण्य मात्रामा रहेको वित्त कम्पनीहरूमा २०८० सालसम्म आइपुग्दा वाणिज्य बैङ्क २०, विकास बैङ्क १७, बिमा कम्पनी ३७ र वित्त कम्पनीको सङ्ख्या १७ सम्म पुग्नुले यस क्षेत्रमा ठूलो उपलब्धि हासिल भएको देखिन्छ। नेपालमा वित्तीय संस्थाहरू एक आपसमा गाभिने क्रम रहेकोले वित्तीय संस्थाको यो सङ्ख्या अघिल्ला वर्षहरूको तुलनामा घट्दै पनि गएको छ। आ.व. ०७९/०८० मा सहकारी सङ्ख्या ३१३७३ रहेको भए

तापनि पछिल्लो समयमा ३४८३७ सम्म सहकारीहरू स्थापना भएका थिए । यसप्रकार वित्तीय क्षेत्रको विकास र विस्तारको दायरा साँघुरो नै भए पनि सङ्ख्यात्मक रूपमा वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी, बिमा कम्पनी, बचत तथा सहकारी संस्थाहरूको व्यापक विस्तार भएको देखिन्छ । वित्तीय क्षेत्रको विकासमा आर्थिक उदारीकरण र खुल्ला बजारमुखी अर्थनीति अवलम्बन गरिएपश्चात् उल्लेख्य वृद्धि हुन गएको हो ।

**बाह्य क्षेत्रसँग सम्बन्धित परिसूचकहरूको अवस्था**

२००७ सालको परिवर्तनपश्चात् बाह्य राष्ट्रहरूसँग नेपालको सम्बन्ध विस्तार हुँदै गएअनुरूप वैदेशिक व्यापार, वैदेशिक लगानी एवं सार्वजनिक ऋण लगायतका क्षेत्रमा पनि विस्तार तथा वृद्धि भएको छ । आन्तरिक उत्पादन बढाउन नसकिएका कारण निर्यातको आधार साँघुरो र आयातको दायरा फराकिलो हुन जाँदा सालिन्दा व्यापार घाटामा भइरहेको वृद्धि अर्थतन्त्रका लागि राम्रो सङ्केत मान्न सकिदैन । वैदेशिक रोजगारीबाट आर्जित विप्रेषणले अर्थतन्त्रलाई चलायमान बनाएको छ । बढ्दो सार्वजनिक ऋणका कारण प्रतिव्यक्ति ऋण दायित्व समेत बढ्दै गइरहेको छ । नेपालको बाह्य क्षेत्रसँग सम्बन्धित सूचकहरूलाई तालिका ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३**

*बाह्य क्षेत्रसँग सम्बन्धित परिसूचकहरूको अवस्था*

| बाह्य क्षेत्रका सूचकहरू | आर्थिक वर्ष ०१७/०१८ | आर्थिक वर्ष ०४६/०४७ | आर्थिक वर्ष ०७२/०७३ | आर्थिक वर्ष ०७९/०८० |
|---|---|---|---|---|
| कुल व्यापार (रू. करोड) | ६०.७७ | २३६३.७ | ८४४८०.१ | १७६८८७.३ |
| बस्तु निर्यात (रू. करोड) | २०.९७ | ५२३.५५ | ७०११.७ | १५७१४.१ |
| बस्तु आयात (रू. करोड) | ३९.८० | १८४०.१५ | ७७४६८.४ | १६११७३.२ |
| व्यापार सन्तुलन (रू. करोड) | -१८.८३ | -१३१६.६० | -७०४५६.७० | -१४५४५९.१ |
| GDP मा निर्यातको अंश प्रतिशत | ७.० (०२१/०२२) | ७.२ | ८.१८ | ७.९४ |
| GDP मा आयातको अंश प्रतिशत | १३.१ | २०.३ | ३३.९४ | ३४.६८ |
| निर्यात/आयातको अंश | १:१.९० | १:३.५१ | १:१०.०५ | १:१०.२६ |
| वैदेशिक सहायता (ऋण+अनुदान) रू. (करोड) | २२.७५ | २१६.४७ (०४७/०४८) | १९५५९.८७ | २१८०४.६० |
| खुद तिर्न बाँकी सार्वजनिक ऋण रू (अर्व) | - | ३६.८० | ६२७.७९ | २२९५.४४ |
| खुद तिर्न बाँकी सार्वजनिक ऋण र कुल ग्राहस्थ्य उत्पादनको अनुपात | | | २४.१ | ४२.९ |
| प्रतिव्यक्ति ऋण दायित्व रूपैयाँमा | - | २०३४.८९ | २२१५९ | ७७९२४ |
| विप्रेषण आम्दानी (रू. अर्व) | | | ६६५.०६ | १२२०.५६ |
| कुल ग्राहस्थ्य उत्पादनमा विप्रेषणको अनुपात | | | २५.५० | २२.८२ |
| कुल विदेशी लगानी (रू. करोड) | | ५६५ (२०५० सम्म कुल) | १५२५ | ३०७० |

स्रोत : अम (२०४८), अम (२०७४), अम (२०८१), रायोआ (२०४९), रायोआ (२०८१) ।

वैदेशिक व्यापारको स्थितिमा आर्थिक उदारीकरणका पछिल्ला वर्षहरूमा आएर आयात तीव्र रूपमा बढेको देखिन्छ । GDP मा निर्यातको अंश ०२१/०२२ मा ७.०%, रहेकोमा ०७९/०८० मा ७.९४% देखिनुले निर्यात खासै बढ्न नसकेको प्रष्ट हुन्छ । ०१७/०१८ मा GDP मा आयातको अंश १३.१% रहेकोमा ०७९/०८० मा आईपुग्दा ३४.६८% पुगेको देखिनुले हाम्रो अर्थतन्त्र आयातमुखी तथा परनिर्भरमुखी बन्दै गएको पुष्टि गर्दछ । यो स्थितिले व्यापार घाटा ०१७/०१८ मा १८..८३ करोड बराबर रहेकोमा आ.व. ०७९/०८० मा आइपुग्दा १४५४५९.१३ करोड बराबर पुगेको छ ।

पछिल्ला वर्षहरूमा बढ्दो वैदेशिक रोजगारीका कारण विप्रेषणले अर्थतन्त्रमा ठूलो हिस्सा ओगटेको र कुल ग्राहस्थ्य उत्पादनमा २५ प्रतिशतसम्म योगदान विप्रेषण आयले पुऱ्याएको देखिन्छ । आ.व. ०४६/०४७ सम्ममा झण्डै ३६ अर्व ८० करोड बराबर रहेको तिर्न बाँकी सार्वजनिक ऋण आ.व. ०७९/०८० सम्म आइपुग्दा झण्डै २२ खर्व ९५ अर्व ४४ करोड बराबर पुगेको छ । प्रतिव्यक्ति ऋण दायित्व पनि रू. २०३४.८९ बाट बढेर आर्थिक वर्ष ०७९/०८० मा रू. ७७९२४ बराबर पुगेको छ । बहुदलीय शासनकालमा सार्वजनिक ऋण अस्वभाविक रूपले बढ्न गएको देखिन्छ । यस अवधिमा वैदेशिक सहायता रकम क्रमिक रूपमा वृद्धि भईरहेको देखिन्छ । आ.व. ०१७/१८ मा २२ करोड ७५ लाख रहेको वैदेशिक सहयोग ०४६/०४७ मा २ अर्ब १६ करोड ४७ लाख बराबर प्राप्त भएकोमा आ.व. ०७९/०८० मा २ खर्व १८ अर्व बराबर स्वीकृत भएको देखिन्छ । नेपालका विकास साझेदारको नेपालप्रतिको विश्वासका कारण यसरी सहयोग रकम बढ्दै गएको हो । वैदेशिक सहयोग यसरी आइरहँदा ऋणको बोझ बढ्दै जाने कुरालाई भने नजरअन्दाज गर्न हुँदैन । सार्वजनिक ऋण वापतको रकमलाई उत्पादनशील क्षेत्रमा खर्च गर्नेतर्फ सचेतना अपनाउन सकिएन भने ऋणको जालोमा अर्थतन्त्र पर्ने र प्रतिव्यक्ति ऋणको बोझ अझ बढ्दै गई अर्थतन्त्रमा नकारात्मक प्रभावहरू देखिन सक्ने अवस्थालाई नकार्न सकिदैन । सार्वजनिक ऋण रकममा यसरी वृद्धि हुनुलाई आर्थिक स्वावलम्बनका दृष्टिले

राम्रो मान्न सकिदैन ।

**सामाजिक क्षेत्रसँग सम्बन्धित परिसूचकहरूको अवस्था**

जनताप्रति उत्तरदायी तथा जवाफदेही शासन व्यवस्थाको मुलभूत उद्देश्य भनेको नै नागरिकका लागि शिक्षा, स्वास्थ्य, खानेपानी आदिजस्ता सुविधाहरूमा वृद्धि गर्नु रहेको हुन्छ । शिक्षा, स्वास्थ्य, खानेपानी आदिजस्ता सामाजिक सरोकारका विषयहरूमा पछिल्ला चार दशकमा उल्लेख्य सुधार भएको देखिन्छ । विभिन्न ४ ओटा कालखण्डका आर्थिक वर्षमा सामाजिक क्षेत्रमा भएका उपलब्धिहरूको तुलनात्मक स्थितिलाई तालिका ४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४**

*सामाजिक सूचकहरूसँग सम्बन्धित परिसूचकहरूको अवस्था*

| सामाजिक सूचकहरू | आर्थिक वर्ष ०१७/०१८ | आर्थिक वर्ष ०४६/०४७ | आर्थिक वर्ष ०७२/०७३ | आर्थिक वर्ष ०७९/०८० |
|---|---|---|---|---|
| • साक्षरता प्रतिशत ६ वर्षभन्दा माथि | १३.९ (२०२८) | ३९.६ | ७८ | ७६.३ |
| • साक्षरता प्रतिशत १५-२४ वर्ष माथि | | | ८८.६ | ९४.२ |
| • साक्षरता प्रतिशत १५ वर्षभन्दा माथि | | | ५७ | ७१.२ |
| • महिला साक्षरता प्रतिशत | - | १२ (०३८) | ५७.४ (०६८) | ६९.४ (०७८) |
| • विद्यालय सङ्ख्या (सरकारी, सामुदायिक तथा निजी) | ४५११ | २३७५६ | ३४८३७ | ३५८७६ |
| • विश्व विद्यालय सङ्ख्या | १ | २ | १३ | १५ |
| • प्रतिष्ठान सङ्ख्या | | | ६ | १० |
| • क्याम्पस सङ्ख्या | | ६५ | १२९९ | १४२७ |
| • औसत आयु/जीवन प्रत्याशा (जन्म हुँदाको) | २७.६ | ५३.३ | ७१ | ७१.३ |
| • स्वास्थ्य संस्था सङ्ख्या | २२० | १०९८ | ४५९९ | ७५५८ |
| • अस्पताल सङ्ख्या | | | ११६ | २१५ |
| प्राथमिक स्वास्थ्य केन्द्र | | | २१६ | २०१ |
| स्वास्थ्य चौकी | | | ३८८३ | ३८२० |
| आयुर्वेदिक औषधालय | | | ३८४ | ४२६ |
| उपस्वास्थ्य चौकी | | | | ३१९६ |
| • आधारभुत खानेपानी सुविधाप्राप्त जनसङ्ख्या प्रतिशत | १०.६ (०३६/०३७) | ३६ | ८७ | ८७.१ |
| • सरसफाइमा पहुँच जनसङ्ख्याको प्रतिशत | | | ९६.४ | ९५.५ |
| • वार्षिक जनसङ्ख्या वृद्धिदर | १.३२ | २.१ (०४८) | १.३५ (०६८) | १.१ (२०७८) |
| • शिशु मृत्युदर/हजार (जीवित जन्म १ वर्ष भित्र) | ६४ | ४८ (०४८) | ३३ | १७ |
| • मातृ मृत्युदर प्रति लाख जीवित जन्ममा | | ८५० (०४८) | २५८ | १५१ |
| • नवजात शिशु मृत्युदर/हजार जीवित जन्म | | १११.५२ | २३ | २१ |
| • बाल मृत्युदर/हजार (५ वर्ष मुनिका) | | १०२ | ३८ | ३३ |

स्रोत : अम (२०४८), अम (२०७४), अम (२०८१), रायोआ (२०४९), रायोआ (२०८१) ।

तालिका ४ मा प्रस्तुत गरिएका सामाजिक सूचकहरूको विश्लेषणबाट प्रजातन्त्रको पुनःस्थापनापश्चात्का वर्षहरूमा सामाजिक क्षेत्रमा उल्लेखनीय प्रगति तथा सुधार भएको तथ्य देखिन आउँछ । यस अवधिमा शिक्षाको पहुँचमा विस्तार भएको छ । ०१७/०१८ सालतिर १०% भन्दा पनि कम (१९८८ वि.सं.मा २%) रहेको साक्षरता दर २०२८ मा आउँदा १३.९% भएको छ भने पञ्चायती शासन व्यवस्थाको अन्त्यतिर ३९.६% मात्र पुगेको देखिन्छ । शिक्षा क्षेत्रमा भएको सुधार र विकासले गर्दा पछिल्ला ३२ वर्षमा ३६.७०% ले साक्षरता दर बढेको छ । यस अवधिमा २०३८ सालमा १२% रहेको महिला साक्षरता दरमा पनि वृद्धि भई २०७८ मा ६९.४ प्रतिशत पुगेको छ । पञ्चायतको पछिल्ला वर्षको तुलनामा बहुदलीय परिपाटीमा ३८३२१ वटा नयाँ विद्यालयहरू थप भएका छन् । प्रजातान्त्रिक शासनपद्धतिको अवधिमा उच्च शिक्षाको क्षेत्रमा समेत उल्लेख्य सुधार आएको तथ्य पनि माथिका सूचकहरूले बताउँछन् । नयाँ विश्वविद्यालयहरूको स्थापना, निजी तथा सामुदायिक स्तरमा समेत ठूलो सङ्ख्यामा क्याम्पसहरू र उच्च मा.वि.को स्थापना हुनुलाई पनि शैक्षिक क्षेत्रको ठूलो उपलब्धि मान्नुपर्ने हुन्छ । ०४६/०४७ सालसम्म त्रिभुवन विश्वविद्यालय र महेन्द्र संस्कृत विश्वविद्यालय (हाल नेपाल संस्कृत विश्वविद्यालय) मात्र रहेको स्थितिमा पछिल्लो समयमा १५ वटा विश्वविद्यालय र १० ओटा प्रतिष्ठानहरू स्थापना भएका छन् भने क्याम्पसहरूको सङ्ख्यामा करिब २३ गुणाले वृद्धि भएको पनि देखिन्छ । यसबाट आम नेपालीहरूलाई आफ्नो घरआँगनमै उच्च शिक्षा आर्जन गर्ने अवसर प्राप्त भएको तथ्य प्रष्ट हुन्छ ।

सरकारले अवलम्बन गरेको खुल्ला तथा उदार आर्थिक नीतिका कारण सामाजिक तथा स्वास्थ्य क्षेत्रमा समेत विस्तार आएको

पाइन्छ । स्वास्थ्य क्षेत्रसँग सम्बन्धित सूचकहरूको अवस्था अध्ययन गर्दा २०१७ सालमा २७.६ वर्ष रहेको नेपालीको औसत आयु २०७८ मा आइपुग्दा ६९.४ वर्ष पुगेको छ । ०४६/०४७ सम्म १०९८ सङ्ख्यामा रहेका स्वास्थ्य संस्था ०७९/०८० सम्म आइपुग्दा ६४६० बराबर थप हुन गई ७५५८ पुगेको छ । मातृ मृत्युदर र बाल मृत्युदरमा उल्लेख्य सुधार भएको देखिन्छ । खानेपानी सुविधा उपभोग गर्ने मानिसहरूको सङ्ख्या ३६% बाट बढेर झण्डै ८७.१ % पुगेको छ । तरपनि यो उपलब्धिमा पूर्ण सन्तोष लिन सकिने स्थिति अझै छैन । किनकि नेपालका दुर्गम गाउँहरूमा अझै पनि जीवनजल, सिटामोल जस्ता सामान्य खालका औषधीहरूको अभावमा बर्सेनि सयौं मानिसहरू झाडापखाला, ज्वरो आदिजस्ता रोगबाट अकालमै आफ्नो ज्यान गुमाउनुपरेको अवस्था पनि हाम्रा सामु छ । यसले नेपालको सामाजिक पूर्वाधारको विकास परिमाणमुखी देखिए तापनि समतामूलक, न्यायपूर्ण र वितरणमुखी अझै हुन सकेन कि ? भन्ने कुराको सङ्केत गर्दछ ।

### भौतिक पूर्वाधारसँग सम्बन्धित परिसूचकहरूको अवस्था

यातायात, सञ्चार तथा विद्युतीकरणलाई आर्थिक तथा सामाजिक विकासको पूर्वाधार मानिन्छ । यस किसिमका भौतिक पूर्वाधारको विकासले मुलुकको समग्र क्षेत्रको विकासको गति निर्धारण गरेको हुन्छ । गुणस्तरीय भौतिक पूर्वाधारको विकासले देशको समृद्धि र सार्वजनिक सेवाहरूको गुणात्मक विकासमा सहयोग पुऱ्याउँदछ । मुलुकको सन्तुलित विकासको प्रक्रियालाई सुदृढ पार्दै रोजगारीका अवसरहरूमा वृद्धि गर्न र नागरिकहरूलाई राष्ट्रिय एकताको डोरीमा ऐक्यबद्ध गराउन समेत पूर्वाधार विकासले ठूलो सहयोग पुऱ्याउँदछ । भौतिक पूर्वाधारको क्षेत्रमा हेर्ने हो भने पनि पञ्चायती शासन व्यवस्था पछाडिका वर्षहरूमा व्यापक र उल्लेखनीय सुधार तथा उपलब्धि हासिल भएको देखिन्छ । तालिका ५ मा विभिन्न वर्षहरूमा भौतिक पूर्वाधारहरूतर्फ भएको प्रगतिलाई प्रस्तुत गरिएको छ ।

**तालिका ५**

*भौतिक पूर्वाधारसँग सम्बन्धित परिसूचकहरूको अवस्था*

| भौतिक पूर्वाधार परिसूचक | आ.व. ०१७ /०१८ | आ.व. ०४६ /०४७ | आ.व. ०७२/०७३ | आ. व. ०८०/०८१ |
|---|---|---|---|---|
| • सडक यातायात (सडक विभागबाट) | ११९८ | ७०३६ | २३४५४ | ३४२६७ |
| कालोपत्रे (किलोमिटर) | ३३९ | २८९९ | ११७९८ | १८२४१ |
| खण्डस्मित (किलोमिटर) | - | १६२१ | ६२८७ | ७६९७ |
| कच्ची (किलोमिटर) | ८५९ | २५१६ | ९४११ | ८४९१ |
| • सडक यातायात (स्थानीय निकायबाट आ.व. ०७६/०७७ | - | - | ५२३८१ | ६१३९५ |
| सम्म) | | | १७६९ | ३९५० |
| कालोपत्रे (किलोमिटर) | - | - | १२५६१ | १३५३८ |
| खण्डस्मित (किलोमिटर) | - | - | ३९०५१ | ४३९०७ |
| कच्ची (किलोमिटर) | | | | |
| • सडक यातायात जोडिएका जिल्ला | - | ४८ (०४२) | ७४ | ७७ |
| • हवाई यातायाततर्फ | | | | |
| • विमान सेवा प्रदायक कम्पनी | - | १ | २८ | ३० |
| • विमान स्थल सङ्ख्या (निर्माणाधीन समेत) | १ | ४३ | ५१ | ३३ (चालु अवस्थामा) |
| • रेलमार्ग (कि.मि.) | ५३ | ५३ | ५३ | ६२ |
| • ट्रली बस (कि.मि.) | - | १२.७३ | बन्द | बन्द |
| • रज्जुमार्ग (कि.मि.) | ४२ | ४२ | बन्द | बन्द |
| • विद्युत जडित क्षमता (मेगावाट) | ७ | २२७ | ८५६ | २८९१ |
| • जलविद्युतमा पहुँच जनता प्रतिशत | - | ९ | ६३.२ | ९६.७ |
| • टेलिभिजन सेवा प्रदायक कम्पनी | - | १ | २५ | १०६ |
| • रेडियो सेवा (एफ.एम. सहित) | - | १ | ५५८ | ७१४ |
| • पत्रपत्रिका सङ्ख्या | - | - | ७१७४ | ७९४४ |
| • टेलिफोन लाइन वितरण सङ्ख्या | - | ४५४५७ | २९२०९३३० | ३४७८३००० |
| • टेलिफोन सेवा प्रदायक कम्पनी सङ्ख्या | - | १ | ६ | ६ |

स्रोत : अम (२०४८), अम (२०७४), अम (२०८१), रायोआ (२०४९), रायोआ (२०८१) ।

तालिका ५ मा प्रस्तुत गरिएका सूचकहरू र विभिन्न आर्थिक वर्षमा तिनीहरूको अवस्थालाई तुलनात्मक रूपले अध्ययन गर्दा स्पष्ट हुन आउँछ कि भौतिक पूर्वाधारका क्षेत्रमा ०४६ को परिवर्तनपश्चात्का वर्षहरूमा उल्लेखनीय रूपमा सुधार र उपलब्धि हासिल हुन सकेको

छ । सरकारले अवलम्बन गरेको खुल्ला तथा उदारवादी अर्थनीतिका कारण नै यो उपलब्धि सम्भव हुन गएको हो । भौतिक पूर्वाधारतर्फ यातायातको अवस्था हेर्ने हो भने वि.सं. २००७ भन्दापूर्व नेपालमा २७६ कि.मि. मात्र सडक रहेकोमा ३० वर्षको पञ्चायती शासन अवधिमा जम्मा ५८३८ कि.मि. मात्र थप सडक निर्माण भएको देखिन्छ । प्रजातन्त्रको पुनःस्थापनापश्चात्का झण्डै ३२ वर्षमा (सडक विभागबबाट मात्र निर्माण गरिएका) २७२३१ कि.मि. सडक थप विस्तार भएको देखिन्छ । यसको अलावा स्थानीय निकायहरूमार्फत् पनि यस अवधिमा झण्डै ६१३९५ कि.मि. भन्दा बढी ग्रामिण सडकको नेटवर्क विस्तार भएको छ । यसबाट आर्थिक तथा सामाजिक स्तरमा समेत परिवर्तनका सङ्केतहरू देखिएको प्रष्ट हुन्छ । हवाई यातायातको सुविधामा पनि पछिल्ला वर्षहरूमा नीतिगत परिवर्तनसँगै उल्लेख्य सुधार भएको देखिन्छ । हवाई यातायाततर्फ २७ ओटा विमान सेवा प्रदायक कम्पनीहरू थप भएको देखिन्छ । ०४६/०४७ सम्म एउटा मात्र सेवा प्रदायक कम्पनी रहेको थियो । रेलमार्ग तथा रज्जुमार्गको विकासमा भने पछिल्ला समयमा उल्लेख्य सुधार हुन सकेको छैन । यस अवधिमा हेटौडा-काठमाडौं रज्जुमार्ग र ट्रलीबस सेवा बन्द भइसकेको छ भने विभिन्न ठाउँमा केवलकार सेवा विस्तार हुने क्रममा रहेका छन् ।

पञ्चायती शासनकालको अन्त्यतिरको तुलनामा त्यसपछिका ३२ वर्षमा विद्युत उत्पादन परिमाण झण्डै २६६४ मेगावाट बढी भएको देखिन्छ भने ०४६/०४७ सम्म ९ प्रतिशत नेपालीहरू मात्र जलविद्युतको पहुँचमा रहेकामा ०७९/०८० मा ९५ प्रतिशत नेपालीहरू विद्युतको पहुँचमा पुगेको देखिन्छ । पछिल्ला ३२ वर्षमा सञ्चार जगतमा नेपालले ठूलो छलाङ मारेको देखिन आउँछ । ०४६/०४७ सालसम्म टेलिफोन, टेलिभिजन, रेडियो, पत्रपत्रिका आदिमा मानिसहरूको जति पहुँच थियो त्यो हाल आएर ह्वात्तै वृद्धि भएको देखिन्छ । सीमित सङ्ख्यामा रहेका रेडियो, टेलिभिजन तथा टेलिफोन सेवा प्रदायक संस्थाहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ । स्थानीय स्तरमा सञ्चालित एफ.एम.रेडियोहरू, टी.भी.च्यानल, केवल नेटवर्क, इन्टरनेट, मोबाइल, टेलिफोन, पत्रपत्रिका आदि सुविधाले गर्दा सञ्चारमा मानिसको पहुँच बढाएको छ ।

**मानव विकास तथा गरिबीसँग सम्बन्धित परिसूचकहरू**

आर्थिक विकासका सन्दर्भमा प्रचलित विभिन्न अवधारणा र रणनीतिहरूमध्ये सन् १९९० मा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले मानव विकास सूचकको अवधारणा प्रस्तुत गरेको थियो । यस अवधारणाले आम्दानीस्तर, साक्षरता दर र जीवन प्रत्याशाजस्ता सूचकका आधारमा मानव विकास सूचक निर्क्यौल गर्न सकिने कुरा उल्लेख गरेको छ । नेपालको राजनैतिक इतिहासको विभिन्न कालखण्डमा मानव विकास, गरिबी र असमानताको स्थितिलाई नियाल्दा बहुदलीय शासन व्यवस्थाको पुनर्स्थापना पछिका वर्षहरूमा यी क्षेत्रमा क्रमिक सुधार भएको देख्न सकिन्छ । मानव विकास र गरिबीका सम्बन्धमा विभिन्न वर्षमा भएको उपलब्धिको तुलनात्मक स्थितिलाई तालिका ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६**

*मानव विकास र गरिबीको तुलनात्मक स्थिति*

| सूचकहरू | आ.व. ०१७ /०१८ | आ.व. ०४६ /०४७ | आ.व. ०७२/०७३ | आ. व. ०७९/०८० |
|---|---|---|---|---|
| • मानव विकास सूचक | - | ०.३४ | ०.५४८ | ०.६१ |
| • गरिबी अनुपात | ३६ (०३२/०३३) | ४२.० | २१.३ | २०.२७ |
| • आय असमानता गिनी गुणाङ्क | | ०.३२२ (०५२) | ०.४०१ | ०.३० |

स्रोत : अम (२०४८), अम (२०७४), अम (२०८१), रायोआ (२०४९), रायोआ (२०८१) ।

योजनाबद्ध विकासको प्रभाव, सरकारी तथा गैरसरकारी संघ संस्थाहरूको कार्य विस्तार, भौतिक पूर्वाधारहरूको विकास, विकेन्द्रीकरण तथा स्वायत्त शासन नीति, सामाजिक सेवामा जनताको बढ्दो पहुँच, अर्थतन्त्रको संरचनात्मक परिवर्तन, कृषि पेशामाथिको घट्दो निर्भरता, वैदेशिक रोजगारमा विस्तार र यसका माध्यमबाट भित्रिएको विप्रेषण आय आदिजस्ता कारणले पछिल्ला वर्षमा गरिबीको तहलाई घटाउँदै लगेको देखिन्छ । तालिका ६ मा उल्लेख गरिएको तथ्यका आधारमा नेपालमा गरिबीको तह पछिल्ला ३२ वर्षमा आएर २१.७३ बिन्दुले घटेको देखिन्छ । आ.व. ०३२/०३३ मा ३६% रहेको निरपेक्ष गरिबीको अनुपात पञ्चायतकालको अन्त्यसम्म आइपुग्दा घट्नुको सट्टा झन बढेर ४२% सम्म पुगेको देखिन्छ भने त्यस पछिका ३२ वर्षमा यो तह घटेर २०.२७% को हाराहारीमा आइपुगेको छ ।

०४६/०४७ सालमा ०.३४ मा रहेको मानव विकास सूचक ०७९/०८० मा आइपुग्दा बढेर ०.६१ पुगको छ । शैक्षिक सुधार, सामाजिक सेवा सुविधामा वृद्धि, स्वास्थ्य सेवामा सुधार आदिजस्ता कारणले गर्दा मानव विकासको अवस्थामा क्रमिक सुधारका सङ्केतहरू देखिन गएको हो । मानव विकासको कुरा गर्दा शिक्षा र स्वास्थ्यसम्बन्धी सूचकमा नेपालले उल्लेख्य प्रगति गरेको देखिए तापनि आम्दानी सूचकमा सुधार हुन नसकेकोले समग्रमा मानव विकास सूचकको अवस्था अझै न्यून देखिन आउँछ । तालिका ४ मा उल्लेख भएअनुसार बाल मृत्युदर, मातृ मृत्युदर, शिशु मृत्युदर, नवजात शिशु मृत्युदर आदिमा पछिल्ला ३२ वर्षमा उल्लेखनीय सुधार आएकोले गर्दा मानव विकासको स्थितिमा क्रमिक वृद्धि हुँदै

गएको हो । मातृ मृत्युदर न्यूनीकरण गर्नमा नेपालले उल्लेखनीय प्रगति गरेकाले संयुक्त राष्ट्र संघबाट यसअघि नेपाल पुरस्कृत समेत भएको थियो । नेपालको आर्थिक विकास परिमाणमुखी भएको र वितरणमुखी हुन नसकेकोले गर्दा आर्थिक सामाजिक उपलब्धिमा आम मानिसहरूको समान पहुँच कायम हुन नसकेको तथ्य पनि रहेको छ । आय असमानता मापन गर्ने गिनी गुणाङ्क २०५२ मा ०.३२ रहेकोमा ०७९/०८० मा ०.३० मा झरेको देखिनुले आय असमानताको स्थितिमा अपेक्षित रूपमा सुधार हुन नसकेको देखिन्छ । यसबाट धनी र गरीब वर्गबिचको दुरी कम हुन नसकेको कुरा प्रष्ट हुन्छ । यो अवस्थाले आर्थिक उदारीकरणको नीति अवलम्बन गरिएपश्चात् भौतिक पूर्वाधार, वित्तीय क्षेत्र लगायत अन्य क्षेत्रमा विस्तार भए तापनि यसले असमानताको स्थितिलाई कम गर्न भने नसकेको देखिन्छ ।

## आर्थिक तथा सामाजिक उपलब्धिका आधार

पञ्चायती शासन व्यवस्थाको ३० बर्षे अवधिसम्मको आर्थिक सामाजिक क्षेत्रमा भएको उपलब्धि र बहुदलीय शासन व्यवस्था पुनस्थापना भएपछिका पछिल्ला ३२ वर्षमा सो क्षेत्रमा भएका उपलब्धिहरूलाई माथि प्रस्तुत गरिएका सूचकका आधारमा विश्लेषण गर्दा प्रजातान्त्रिक कालमा आर्थिक, सामाजिक, भौतिक पूर्वाधार आदि क्षेत्रका विविध पक्षमा उत्साहजनक उपलब्धि हासिल हुन गएको देखिन्छ । मुख्यतः बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् कार्यान्वयनमा ल्याइएको आठौँ योजना (२०४९-२०५४) ले बजारमैत्री खुला उदार अर्थनीति, तल्लो तहसम्म अधिकार प्रत्यायोजित हुने गरी विकेन्द्रीकरणको मर्मअनुसार कार्य गर्दै जाने रणनीति, समाजका सबै वर्ग तथा जातिहरूको संलग्नता हुने गरी सामाजिक तथा आर्थिक विकासमा सरिक गराउने र प्रादेशिक तथा ग्रामीण विकासका लागि कार्य गर्दै जाने नीति अवलम्बन गरेकोले पनि आर्थिक विकासका लागि बलियो आधार निर्माण हुन सकेको देखिन्छ (सिग्देल, २०७४) । सामाजिक सेवा र सुविधाका क्षेत्रमा बढाउँदै लगिएको सरकारी खर्च, नागरिकहरूमा जागृत भएको विकासप्रतिको तीव्र चाहना, उदार अर्थनीतिका कारण विकास साझेदारका रूपमा निजी क्षेत्रको संलग्नतामा उल्लेख्य वृद्धि, व्यापारिक तथा व्यावसायिक क्षेत्रमा प्रचलित लाइसेन्स र कोटा प्रणालीको खारेजीजस्ता वातावरणले आर्थिक वृद्धिलाई थोरै भए पनि टेवा दिन पुग्यो । खुल्ला तथा उदार आर्थिक नीतिले बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा ल्याएको विस्तार, वैदेशिक रोजगारीका लागि नीतिगत तथा कानूनी प्रक्रियामा भएको सुधारका कारण यस क्षेत्रमा भएको व्यापक विस्तार, छिमेकी देशहरूको उच्च आर्थिक प्रगति र केही हदसम्म त्यसले पारेको सकरात्मक प्रभाव, आर्थिक विकासको प्रक्रियामा नेपालका विकास साझेदारको निरन्तर सहयोग र सद्भाव, आवधिक योजनाहरूको माध्यमबाट निरन्तरता दिइएको योजनाबद्ध आर्थिक विकास लगायतका कारण पनि आर्थिक तथा सामाजिक विकासका लागि बलियो आधार तय भएको देखिन्छ । नागरिक चेतनामा विस्तार, वैदेशिक लगानीमा वृद्धि, जनसहभागितात्मक विकास नीतिमा जोड एवं शिक्षा, स्वास्थ्य, खानेपानी तथा विभिन्न सामाजिक सुधारहरूका क्षेत्रमा विशेष ध्यान दिइएकोले पनि आर्थिक तथा सामाजिक विकासका लागि बलियो आधारशीला तयार भएको हो ।

## आर्थिक-सामाजिक विकासक्रममा देखिएका समस्याहरू

नेपालको आधुनिक इतिहासको हरेकजसो कालखण्ड राजनैतिक अस्थिरता, अविकास तथा पछौटेपनबाट नै गुज्रिरहेको पाइन्छ । २००७ सालको परिवर्तनपश्चात् विस्तारै वामे सर्न थालेको आर्थिक तथा सामाजिक विकासको अवस्था नियाल्दा निराशाजनक स्थिति नदखिएको भए तापनि यस बिचमा धेरै समस्याहरू अर्थतन्त्रमा देखा परिरहे । राजनैतिक अस्थिरताका कारण सरकारले निर्माण गरेका नीति, योजना तथा कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यान्वयन नहुनु, स्थानीय स्तरमा आयोजना कार्यान्वयनमा जनसहभागिता बढाउन नसकिनु एवं औद्योगिक सुरक्षाको प्रत्याभूतिको कमिले आन्तरिक एवं बाह्य लगानी आकर्षित गर्नमा कठिनाइ उत्पन्न हुनजस्ता समस्याहरू यो बिचमा देखा परे । शासन सञ्चालनमा सहभागितामूलक पद्धति, पारदर्शिता, उत्तरदायित्व बोध तथा जवाफदेहिताजस्ता कुराहरूलाई पनि व्यवस्थित गर्न नसकेका कारण अपेक्षित रूपमा आर्थिक उपलब्धि कायम हुन सकेन । राजनैतिक अस्थिरताका कारण उत्पन्न नीतिगत अन्योलता एवं अस्पष्टताले गर्दा अपेक्षित रूपमा वैदेशिक सहायताको परिचालन गर्नमा पनि सहज स्थिति देखा परेन । उदारीकरण नीति अवलम्बन गरिएपश्चात् यसको सुपरिवेक्षण र अनुगमन क्षमता प्रभावकारी नहुँदा सार्वजनिक क्षेत्रको शिक्षा र स्वास्थ्यमा सङ्ख्यात्मक वृद्धि भए तापनि गुणात्मक ह्रास आउन गई व्यापारीकरणले बढावा पाउन थाल्यो । वित्तीय संस्थाहरू उल्लेख्य रूपमा स्थापना भए पनि ग्रामिण क्षेत्रमा वित्तीय सेवाको पहुँच कम तथा वित्तीय क्षेत्रमा समयसमयमा तरलताको अभाव देखिनाले पनि आर्थिक विकासको गति वेलाबखत अवरूद्ध हुन पुग्यो । यसप्रकार राजनैतिक अस्थिरताका कारण उत्पन्न भएको नीतिगत अन्योलता र सिमित स्रोत तथा साधनको आदर्शतम् ढङ्गबाट उपयोग गर्ने कार्यमा देखिएको समस्या नै नेपालको आर्थिक तथा सामाजिक विकासको मुख्य चुनौतीका रूपमा रहेको प्रष्ट हुन्छ ।

## निष्कर्ष

आर्थिक वृद्धि, वित्तीय, बाह्य, सामाजिक, भौतिक पूर्वाधार तथा मानव विकाससँग सम्बन्धित क्षेत्रहरूका विभिन्न सूचकहरूका आधारमा नेपालको आर्थिक परिदृश्यलाई विश्लेषण गर्दा खुला अर्थतन्त्रको थालनि भएपछि आर्थिक तथा सामाजिक विकासमा वृद्धि तथा विस्तार आएको देखिन्छ। सडक यातायात, सञ्चार, शिक्षा, स्वास्थ्य तथा वित्तीय क्षेत्र आदिका सूचकहरूको स्थितिले यो कुरालाई पुष्टि पनि गर्दछन्। राज्यकेन्द्रित अर्थतन्त्रको अवधिभन्दा उदारवादी अर्थतन्त्रको अवधिमा आर्थिक तथा सामाजिक क्रियाकलापहरू बढी चलायमान भएको पाइन्छ। विभिन्न समस्या र चुनौतीका बाबजुद पनि नेपालको आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार र अन्य क्षेत्रमा प्रगति र सुधार हुँदै आइरहेको कुरालाई नकार्न सकिदैन। यसले विकासको गति क्रमशः अगाडि बढिरहेको कुरालाई पुष्टि गर्दछ।

अर्थतन्त्रमा संरचनात्मक परिवर्तन भए तापनि औद्योगिक उत्पादन बढ्न सकेको अवस्था छैन। यसबाट निर्यात बढ्न नसकेको तर आयात बढ्दै जाने अवस्था सिर्जना भएको छ। वैदेशिक व्यापारमा आयातको बढ्दो विस्तारले व्यापार घाटा सालिन्दा बढ्दै गएको, वैदेशिक ऋण समेत बढ्दै गएकोले अर्थतन्त्र आयातमुखी र परनिर्भरमुखी बन्दै गइरहेको तथ्यप्रति बेलैमा सचेतना अपनाउनुपर्ने देखिन्छ। पूँजीगततर्फ विनियोजित रकम शतप्रतिशत खर्च हुने गरेको अवस्था पनि देखिदैन। पछिल्लो वर्षमा वार्षिक बजेटमा पूँजीगत खर्चको ८० प्रतिशत्भन्दा बढी खर्च हुन सकेको देखिदैन। विश्वव्यापीकरणको प्रभाव, क्षेत्रीय आर्थिक संगठनहरूको प्रभाव, दुई छिमेकी राष्ट्रहरूमा भएको आर्थिक वृद्धि र प्रगतिको प्रभाव हाम्रो अर्थतन्त्रमा अपेक्षित रूपमा पर्न नसक्नु एवं विश्व व्यापार संगठनमा प्रवेश भईसकेपछि त्यसबाट प्राप्त हुने फाइदाहरूलाई संस्थागत गर्न नसकिनु जस्ता अवस्थाहरू प्रति पनि हामीले सोच्नुपर्ने हुन्छ। देशको तिव्र आर्थिक विकासका लागि उच्च आथिृक वृद्धि दर हासिल हुनु जरूरी हुन्छ। तर यो परिदृश्यलाई अवलोकन गर्दा विकासको गति त्यति सन्तोषजनक मान्न सकिदैन। आर्थिक स्थायित्व कायम गरी उच्च तथा दीगो आर्थिक वृद्धि दर हासिल गर्नका लागि तय गरिने आर्थिक नीतिले यस किसिमका परिसूचकहरूको अध्ययन गरी उत्पन्न हुने सङ्केतहरूलाई ख्याल गर्नुपर्ने हुन्छ।

योजनावद्ध आर्थिक विकासका सात दशकको अवधिमा पनि आर्थिक वृद्धिदर अझै न्यून रहेको तितो सत्य आर्थिक परिसूचकहरूले देखाएका छन् । योजनाबद्ध विकास प्रयाशका क्रममा सीमित स्रोत तथा साधनका बिच गरिएका प्रयाशबाट आर्थिक, सामाजिक र पूर्वाधार विकासका क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल भए तापनि देशको तत्कालिक आवश्यकता एवं जनअपेक्षाअनुरूप उपलब्धि हासिल हुन सकेको छैन। समयसमयमा आएको राजनैतिक प्रणालीसँगै शासकीय स्वरूपमा भएको परिवर्तनले आर्थिक विकासको गतिलाई कुनै न कुनै रूपमा प्रभाव पारिरहेको छ। परिवर्तित परिवेशअनुसार विकासको गतिलाई अगाडि बढाउन योजनाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनु आवश्यक छ। सन्तुलित विकास रणनीति अवलम्बन गरी उजाड बन्दै गएको ग्रामीण क्षेत्रलाई पुनर्जीवन दिनुपर्ने देखिन्छ। गरिबी घटाउनका लागि आन्तरिक उत्पादन र रोजगारीलाई बढाउनुपर्दछ। शान्ति सूरक्षाको स्थितिलाई मजबुत बनाउँदै निजी क्षेत्रलाई निर्धक्कसँग आर्थिक गतिविधि सञ्चालन गर्नसक्ने वातावरण बनाउनुपर्दछ।

सडक विस्तारले गर्दा बहुराष्ट्रिय कम्पनीका उत्पादन, बजारको औधोगिक उत्पादन तथा अन्य उपभोग्य वस्तुहरू गाउँमा पुऱ्याउन सजिलो भएको छ। तर ग्रामीण भेगमा कृषिको विकास गरी कृषि उत्पादलनलाई सहरी क्षेत्रतर्फ प्रवाहित गर्न सकिएन भने यसले गाउँका मानिसलाई आर्थिक रूपले झन्झन् कमजोर बनाई धनी र गरिब बिचको खाडल अझै फराकिलो बन्दै जानेतर्फ पनि समयमै सचेत हुनुपर्दछ। रोजगारीका अवसरहरूमा समयानुकूल अभिवृद्धि गर्न नसकिएकोले बर्सेनि लाखौँ यूवाहरू वैदेशिक रोजगारका लागि विदेशीनु पर्ने बाध्यता हाम्रा सामु चुनौतीका रूपमा खडा भएको छ। बाह्य वित्तको महत्त्वपूर्ण स्रोतका रूपमा देखिएको विप्रेषण आय बढ्दै गएको तथा यसले अर्थतन्त्रलाई चलायमान गराएको भए तापनि यसका नकारात्मक प्रभावहरूलाई नजरअन्दाज गर्न सकिदैन। वैदेशिक रोजगारीले विप्रेषण आय त बढाएको छ तर यसबाट केही मात्रामा खलबलिन गएको सामाजिक पारिवारिक संरचना, कृषि क्षेत्रमा काम गर्ने जनशक्ति, घट्दै गएको अवस्थालाई सानो समस्याका रूपमा लिन सकिदैंन। सदैव वहशको विषयवस्तु बनिरहेको विप्रेषण आयको उपभोगको विषयतर्फ पनि ध्यान दिनु जरूरी छ।

विगतका योजनाको कार्यान्यवन तथा विकास नीतिको फलस्वरूप सडक, सिंचाई, खानेपानी, सूचना तथा सञ्चार, साक्षरता, औसत आयु,, बालमृत्युदर, शिशुमृत्युदर मातृ मृत्युदर आदि क्षेत्रमा केही उल्लेख्य उपलब्धि हासिल भएका छन्। तरपनि समग्रमा मुलुक अति कम विकसीत राष्ट्रको अवस्थामा रहिरहेको छ। २१ औँ शताब्दीमा प्रवेश गरिसकेको विश्व अर्थतन्त्रमा हाम्रा समस्या तथा चुनौतीलाई छिचोल्दै उपलब्ध आर्थिक, भौतिक तथा मानवीय पूँजीको चरम उपयोग गर्दै विगतमा भए गरेका कमजोरीहरूलाई सच्याउँदै विकासको नयाँ सोच, तरिका र रणनीतिअनुसार अग्रगामी कदम अगाडि बढाउनुको विकल्प देखिदैंन। उल्लिखित परिसूचकहरूको आधारमा विश्लेषण गर्दा देशको आर्थिक स्थिति सुधारोन्मुख देखिए तापनि आन्तरिक उत्पादनको अवस्था बलियो रहेको पाइदैन। नेपालको आर्थिक समृद्धिका लागि र नयाँ परिवर्तित राजनैतिक व्यवस्थालाई आत्मसाथ गर्नका लागि विकासको भरपर्दो र नेपालको परिवेश सुहाउँदो विकास मोडेलको प्रयोग गरिनु आवश्यक छ। देशको सङ्घीय संरचनाबमोजिम गठित स्थानीय र प्रादेशिक तहहरूलाई आर्थिक पारदर्शिता र जवाफदेहिता अभिवृद्धिका लागि सबलिकरण गर्दै

लैजानुपर्दछ । सार्वजनिक यातायातलाई अहिलेको तुलनामा गुणस्तरीय र व्यवस्थित बनाउँदै लैजानुपर्दछ ।

## सन्दर्भ सामग्रीसूची


अम (२०४८), *आर्थिक सर्वेक्षण २०४६/२०४७,* अर्थ मन्त्रालय (अम), श्री ५ को सरकार, अर्थमन्त्रालय ।

अम (२०७४), *आर्थिक सर्वेक्षण २०७३/२०७४,* अर्थ मन्त्रालय (अम), नेपाल सरकार, अर्थमन्त्रालय ।

अम (२०८०), *आर्थिक सर्वेक्षण २०७९/२०८०,* अर्थ मन्त्रालय (अम), नेपाल सरकार, अर्थमन्त्रालय ।

अम (२०८१), *आर्थिक सर्वेक्षण २०८०/२०८१,* अर्थ मन्त्रालय (अम), नेपाल सरकार, अर्थमन्त्रालय ।

कार्की, रेवतबहादुर (२०७८), *नेपालको अर्थतन्त्रका आयामहरू,* अम्बिका कार्की ।

खनाल, डिल्लीराज र न्यौपाने, भिमप्रसाद, (२०६२) *प्रजातन्त्र प्राप्तिका १२ वर्ष,* कार्यपत्र, इन्सेक ।

घिमिरे, तुलसीप्रसाद (२०७३), नेपालको आर्थिक वृद्धि, प्रवृत्ति र उच्च आर्थिक वृद्धिका लागि चालिनुपर्ने कदमहरू, *मिर्मिरे* (आर्थिक लेख विशेषाङ्क), नेपाल राष्ट्र बैङ्क गभर्नरको कार्यालय ।

दाहाल, महेशराज र खनाल वासुदेव (२०७४), *विकास तथा योजनाको अर्थशास्त्र,* एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

पन्त, रामेश्वरी (२०७२), प्रमुख आर्थिक परिसूचकका रूपमा कुल ग्राहस्थ्य उत्पादन, *नेपाल राष्ट्र बैङ्क समाचार,* नेपाल राष्ट्र बैङ्क गभर्नरको कार्यालय ।

प्रधान, विन्दिया (२०५९), समष्टिगत आर्थिक परिसूचकहरू बिचको अन्तरसम्बन्ध, *नेपाल राष्ट्र बैङ्क समाचार,* नेपाल राष्ट्र बैङ्क गभर्नरको कार्यालय ।

बुढाथोकी, गजेन्द्र (२०६९), *आर्थिक उदारीकरणका २० वर्ष,* कुन्ता थापा ।

महत, रामशरण (२०६३), *लोकतन्त्रको पक्षमा,* मकालु प्रकाशन गृह ।

रायोआ (२०४९), *आठौँ योजना (२०४९-२०५४),* श्री ५ को सरकार, राष्ट्रिय योजना आयोग (रायोआ) ।

रायोआ (२०८१), *सोह्रौं योजना (०८१/०८२-०८५/०८६),* नेपाल सरकार, राष्ट्रिय योजना आयोग (रायोआ) ।

शर्मा, निलम कुमार (२०६६), *विकास तथा योजनाको अर्थशास्त्र,* पैरवी प्रकाशन ।

शिवाकोटी, चिन्तामणि (२०७४), नेपालको आर्थिक अवस्था र संभावनाहरू, *नेपाल राष्ट्र बैङ्क समाचार,* नेपाल राष्ट्र बैङ्क गभर्नरको कार्यालय ।

श्रेष्ठ, प्रकाशकुमार (२०७४), नेपालको अर्थव्यवस्था र आर्थिक विकासको स्थिति, *अरूणोदय,* नेपाल राष्ट्र बैङ्क, कर्मचारी संघ केन्द्रीय कार्यसमिति ।

सिग्देल, वामदेव (२०७४), नेपालको आर्थिक स्थिति, चुनौती तथा विकासका संभावनाहरू, *नेपाल राष्ट्र बैङ्क समाचार,* नेपाल राष्ट्र बैङ्क गभर्नरको कार्यालय ।

हिमकर, हेमराज (२०५४), *नेपालमा योजनाहरूको एक झलक र नवौँ योजनाको आधारपत्र,* मकालु बुक्स एण्ड स्टेशनर्स ।

Jhingan, M. L. (1975 AD). *The economics of development and planning.* Vikas publishing house pvt. ltd.

Pyakuryal, B. (2013 AD). *Nepal's development tragedy: threats and possibilities.* Fine print.

Todaro, M.P. (1993 AD). *Economic development in the third world*. Orient longman ltd.



**Ethical approval for the research:** Not applicable

**Consent for publication**: Not applicable

**Conflict of interest:** The author does not have any conflict of interest with any institutions concerning this research

**Ethical conduct of research:** This paper is written ethically

**Author's Bio-note:**

**Hiralal Regmi** is lecturer in Economics and working in Department of Economics of Dhawalagiri Multiple Campus, Baglung, Tribhuvan Univeristy, Nepal.